टीकापुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**टीकापुर, कैलाली**
सुदूरपश्चिम प्रदेश, नेपाल

# सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/१२/०६ गते )**

यस कार्यालयबाट चालू आ.व.२०७५/७६ को वित्तिय समानिकरण अनुदान कार्यक्रम तर्फ बजेट बिनियोजन भई स्वीकृत भएका देहायका सडकहरुको निर्माण सम्बन्धि कार्य ठेक्का प्रकियाद्धारा गर्नु पर्ने भएकोले आयकरको स्थाई लेखा नम्बर भएका मु.अ.क.मा दर्ता भएका इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हानका लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक दरभाउपत्रदाताहरुले पछि फिर्ता नहुने गरी रु. १०००।- (अक्षेरुपी एक हजार मात्र) बुझाई निवेदनको साथमा दरभाउपत्रदाताको अद्यावधिक ईजाजत पत्र,मु.अ.क.मा दर्ता भएको प्रमाण पत्र,स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र र आ.व.२०७४/७५ को आर्थिक बर्ष सम्मको कर चुक्ता प्रमाण पत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको राजश्व उप-शाखाबाट दरभाउपत्र फाराम खरिद गरी सक्नु पर्नेछ । यस कार्यालयको प्रमुखले सही गरेको र कार्यालयको छाप लागेको दरभाउपत्र किताव खरिद गरी सोही फाराममा आफ्नो दररेट लेखी दरभाउपत्रदाताले सही गरी दरभाउपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

२. सिलबन्दी दरभाउपत्रको बाहिर खाममा यस कार्यालयलाई सम्बोधन हुने गरी कामको नाम र ठेक्का नं. स्पष्ट उल्लेख गरी निर्माण व्यवसायीको नाम र छाप लगाएको सिलबन्दी भएको दरभाउपत्र पेश गर्नु पर्नेछ । यस कार्यालयबाट बिक्री नभएको,जमानत संलग्न भै नआएको, बाहिर खाममा र दरभाउपत्रको व्यहोरा फरक परेको, सिलबन्दी भई नआएको ,कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

३. दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे अगावै दर्ता गराउनु पर्नेछ । तोकेको मिति तथा समय भन्दा पछि बुझाएको दरभाउपत्र स्वीकार गरिने छैन र प्राप्त भएका दरभाउपत्रहरु प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको २.०० बजे स्थानीय सरकारी कार्यालयका प्रतिनिधि ,दरभाउपत्रदाता वा तिनका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

४. नगद धरौटीको बैंक भौचरमा निर्माण ब्यावसायीको नाम, ठेगाना लेख्नु पर्नेछ । सूचना प्रकाशित भएको मिति भन्दा अगाडिको बैंक भौचर वा बैंक ग्यारेन्टी वा ड्राफ्टलाई मान्यता दिईने छैन ।

५. दरभाउपत्र साथ यसै सूचनामा तोकिएको धरौटी वापतको रकम नेपाल बैंक लिमिटेड टीकापुर शाखामा यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. १०७०३००००००००३०००००२ मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनबाट गणना हुने गरी कम्तिमा ७५ दिन म्याद भएको मान्यता प्राप्त "क" बर्गको वाणिज्य बैंकबाट जारी गरिएको विडबन्ड संलग्न गर्नु पर्नेछ ।

६. निर्माण व्यवसायीले दरभाउपत्र साथ राख्नु पर्ने धरौटी वापतको बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको सक्कल जुन ठेक्का नम्बरको लागि जम्मा गरिएको हो सोही दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ । एउटा दरभाउपत्रको लागि राखिएको धरौटी अर्को दरभाउपत्रको लागि मान्य हुने छैन ।

७. संयुक्त उपक्रम(जे. भी.)मा काम गर्ने निर्माण ब्यावसायीले संयुक्त लगानी सम्बन्धी सम्झौताको विवरणहरु खुलेको सक्कलै कागजातहरु वा प्रमाणित प्रतिलिपिहरु पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा भाग लिने निर्माण व्यवसायीले (दुई जना भन्दा वढी हुन नहुने) संयुक्त उपक्रमको सक्कल सम्झौतापत्र अनिवार्य रुपमा दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा सोको लगत्तै कार्यालय खोलिने दिन उक्त कार्य हुनेछ ।

९. दरभाउपत्रदाताले दरभाउपत्रमा रकम अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१०. पेश भएको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११. दरभाउपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नु पर्ने छ । एक पटक दर्ता गरिएको दरभाउपत्र फिर्ता वा संसोधन गर्न पाइने छैन ।

१२. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१३. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिनेछ ।

१४. निर्माण कार्यहरु तोकिएको स्पेशिफिकेशन अनुसार गर्नु पर्नेछ ।

१५. दरभाउपत्र स्वीकृत नभएका दरभाउपत्रदाताहरुको विडवण्ड वा धरौटी रकम ठेक्का सम्झौता सम्पन्न भए पछि मात्र फुकुवा गरिनेछ

१६.दरभाउपत्र पेश गर्दा अपनाउनु पर्ने नियम तथा शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरिएले उक्त शर्त बमोजीम हुने गरि पेश गर्न हुन र उक्त शर्तमा छुटेका बिषयहरु सार्वजनिक खरिद ऐन,२०६३,सार्वजनिक खरिद नियमावली,२०६४(संशोधनसहित) तथा प्रचलित कानून बमोजीम भैजाने समेत यसै सूचनाद्धारा सूचित गरिन्छ । यस सम्बन्धि थप जानकारी आवश्यक भएमा कार्यालय समयमा पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

**ठेक्का विवरण :-**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (कन्टेन्जेन्सी ,मर्मत संभार कोष ,वि.व्य.कोष कट्टी रकम र मु.अ. कर वाहेक) | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ५९/२०७५/७६ | कोठारपुर चौराह देखि मिलन चोकसम्म ग्राभेलीङ्ग कार्य ,वडा नं. २,कोठारपुर,कैलाली । | १६,३९,३४४।२६ | ४६,४००।०० | |
| २. | ६०/२०७५/७६ | वडाका विभिन्न बाटाहरु नक्शांकन तथा माटो पटानी तथा ग्राभेलीङ्ग कार्य,वडा नं. ५,कैलाली । | १२,२९,५०८।२० | ३४,८००।०० | |

..............................
( प्रमुख प्रशासकिय अधिकृत)